# राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्दै राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधि सम्बन्धी कानूनलाई समयानुकूल संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४८ बमोजिमको राष्ट्रिय मानव अधिकार आयोग सम्झनु पर्छ ।

(घ) "निवेदन" भन्नाले कुनै व्यक्ति समूह वा समुदायको मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको भनी कसैले कुनै पनि माध्यमबाट आयोगसमक्ष दिएको उजुरी वा निवेदन वा सो विषयमा आयोगले प्राप्त गरेको सूचनाको आधारमा दर्ता भएको निवेदन सम्झनु पर्छ।

(ङ) "कर्मचारी" भन्नाले आयोगको कर्मचारी सम्झनु पर्छ।

(च) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(छ) "पीडित" भन्नाले मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहनबाट शारीरिक, मानसिक वा यौनजन्य हिंसा वा मृत्यु भएको वा बेपत्ता पारिएको व्यक्ति वा निजको

परिवारको सदस्य सम्झनुपर्छ र सो शब्दले आर्थिक रुपमा हानि नोक्सानी पुगेको वा प्रतिकुल असर परेको व्यक्ति, समुह वा समुदायलाई समेत जनाउँछ।

(ज) "मानव अधिकार" भन्नाले मानवको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित नेपालको संविधान, प्रचलित नेपाल कानून र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताद्वारा व्यक्ति, समूह वा समुदायलाई प्रदान गरिएका हक वा अधिकार सम्झनु पर्छ।

(झ) "मानव अधिकार रक्षक" भन्नाले मानव अधिकारको संवर्धन, संरक्षणमा कार्य गर्ने वा शान्तिपूर्ण तरिकाले मानव अधिकार र मौलिक अधिकारको संरक्षण र कार्यान्वयनमा व्यक्तिगत वा सामूहिक वा संगठित रुपमा क्रियाशिल रहने व्यक्तिलाई सम्झनुपर्छ।

(ञ) "सचिव" भन्नाले दफा १२ बमोजिमको आयोगको सचिव सम्झनु पर्छ।

(ट) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।

(ठ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटि इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा ( पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ठ) "सेवा" भन्नाले दफा १७ बमोजिम गठन हुने मानव अधिकार सेवा सम्झनु पर्छ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. <u>**राष्ट्रिय मानव अधिकार आयोग सञ्चालनका मूलभुत सिद्धान्तहरू**</u>: राष्ट्रिय मानव अधिकार आयोग देहायका आधारभूत सिद्धान्त अनुरुप सञ्चालन हुनेछ।

(क) संविधान, मौलिक हक तथा लैङ्गिक समानता र समानुपातिक समावेशी सिद्धान्त,

(ख) संयुक्त राष्ट्रसंघ महासभाबाट पारित राष्ट्रिय मानव अधिकार संस्थाको स्वतन्त्र, सक्षम, उत्तरदायी, स्वायत्त र समावेशी हैसियत निर्धारण गर्ने सम्बन्धी सिद्धान्त,

(ग) नेपाल पक्ष भएका मानव अधिकर सम्बन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता एवम् मूल्यमान्यता,

(घ) न्यायका सर्वमान्य सिद्धान्त।

४. **<u>मानव अधिकार सम्बन्धमा राज्यको दायित्व</u>**: मानव अधिकारको संरक्षण, संवर्धन र परिपालनाका सम्बन्धमा राज्यको दायित्व देहाय बमोजिम हुनेछः-

(क) मानव अधिकारको संरक्षण, संवर्धन र परिपालना गर्ने,

(ख) सबैले प्रचलित संविधान र कानून बमोजिम राजनीतिक, आर्थिक, सामाजिक, र अन्य अधिकार तथा नागरिक स्वतन्त्रताको उपयोग गर्न सक्ने वातावरणको सुनिश्चितता गर्ने,

(ग) मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानूनी,नीतिगत, प्रशासनिक र अन्य उपायहरुको अवलम्बन गर्ने,

(घ) मानव अधिकार उल्लंघनबाट पीडित व्यक्तिलाई प्रभावकारी उपचार उपलब्ध गराउने,

(ङ) मानव अधिकार उल्लंघनका घट्नाको तत्काल र प्रभावकारी अनुसन्धान गर्ने, गराउने,

(च) प्रत्येक व्यक्तिले हिंसा, डर, त्रास, धम्की, प्रतिशोध, भेदभाव, दवाव वा अन्य स्वेच्छाचारी कार्य विरुद्ध कानून बमोजिम आफ्नो अधिकार उपयोग गर्न सक्ने सुनिश्चितता गर्ने,

(छ) आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारका सम्बन्धमा नागरिक सचेतना प्रवर्धन गर्ने,

(ज) मानव अधिकारको प्रवर्धन र संरक्षणका लागि स्वतन्त्र राष्ट्रिय मानव अधिकार संस्थाको स्थापना र विकास गर्ने,

(झ) सबै तहको औपचारिक शिक्षा र व्यवसायिक तालिममा मानव अधिकार शिक्षाको प्रवर्धन र सहजीकरण गर्ने,

(२) उपदफा (१) बमोजिमको राज्यको दायित्व पुरा गर्ने जिम्मेवारी संविधान र कानून बमोजिम आ-आफ्नो अधिकार क्षेत्रका विषयमा संघ, प्रदेश र स्थानीय सरकारको हुनेछ ।

## परिच्छेद-२

## आयोगको काम, कर्तव्य र अधिकार

५. **आयोगको काम, कर्तव्य र अधिकारः** संविधानको धारा २४९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मानव अधिकारको संरक्षणका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था, सामाजिक संस्था वा निजी संस्था, व्यवसायिक प्रतिष्ठान र मातहतका निकाय वा अन्य कुनै ठाउँको अनुगमन गर्ने,

(ख) मानव अधिकारको संरक्षणको लागि गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन वा सुझाव दिने,

(ग) अदालतमा विचाराधीन रहेको मुद्दामा अदालतको आदेश बमोजिम मानव अधिकारको उल्लङ्घन सम्बन्धमा छानविन तथा अनुसन्धान गर्ने,

(घ) मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि राज्यका अन्य निकायसँग आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ङ) मानव अधिकार सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गरी सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,

(च) मानव अधिकारको संरक्षण, संवर्धन र परिपालनाका सम्बन्धमा अध्ययन गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह समक्ष कार्यान्वयनका लागि सिफारिस गर्ने,

(छ) मानव अधिकारको विद्यमान अवस्थाबारे अध्ययन अनुसन्धान तथा समीक्षा गरी सो सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्ने,

(ज) मानव अधिकारको उल्लंघन हुन नदिन सम्बन्धित निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने,

(झ) मानव अधिकारको अवधारणा अनुरुप प्रचलित कानूनको पुनरावलोकन गरी आवश्यक परिमार्जनका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ञ) मानव अधिकारका समकालिन एवं नविनतम् विषयका क्षेत्रमा अध्ययन, अनुसन्धान लगायतका काम गर्ने,

(ट) मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धनका कार्यमा नागरिक समाज र अन्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थासँग समन्वय र सहकार्य गर्ने,

(ठ) मानव अधिकारसम्बन्धी शिक्षामूलक विषयवस्तु तयार गरी प्रचारप्रसार गर्ने।

६. **स्वतन्त्र, सक्षम र समावेशी हुने :** **(१)** मानव अधिकारको संरक्षण र संवर्धन गर्न संविधान तथा यो ऐन बमोजिम प्राप्त काम, कर्तव्य र अधिकारको प्रयोगमा आयोग स्वतन्त्र, स्वायत र सक्षम रहनेछ।

(२) आयोगले स्वतन्त्र र निष्पक्ष रुपमा कार्य सम्पादन गर्नुपर्नेछ।

(३) आयोगले कार्य सम्पादन गर्दा कसैप्रति आग्रह, पूर्वाग्रह, मोलाहिजा वा बदनियत राख्नुहुँदैन।

(४) आयोगले आफ्नो कार्यसम्पादन गर्दा पीडित केन्द्रित, लैङ्गिक मैत्री तथा अपाङ्गमैत्री हुने गरी पारदर्शी रुपमा गर्नुपर्नेछ।

(५) आयोगको संरचना संविधानले अंगिकार गरेको समावेशी प्रतिनिधित्वको सिद्धान्त अनुरुप हुनेछ।

७. **समिति वा कार्यदल गठन गर्न सक्नेः** (१) आयोगले आफ्नो कार्य सम्पादनको लागि आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा त्यस्तो समिति वा कार्यदलका सदस्यहरूले पाउने सुविधा प्रचलित कानून बमोजिम आयोगबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समिति वा कार्यदलले आयोगद्वारा तोकिएको कार्य सम्पन्न गरेपछि आयोग समक्ष आफूले सम्पादन गरेको कामको प्रतिवेदन बुझाउनु पर्नेछ ।

(४) आयोगलाई उपयुक्त लागेमा उपदफा (१) बमोजिमको समिति वा कार्यदल जुनसुकै बखत विघटन गर्न सक्नेछ।

८. **समन्वय वा सहकार्य गर्न सक्नेः** (१) आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय, अन्य सरकारी निकाय, सार्वजनिक संघसंस्था वा प्रतिष्ठान, नागरिक समाजसँग परामर्श गर्न, सहयोग लिन वा त्यस्तो काम कारबाहीको विषयमा आवश्यक समन्वय वा सहकार्य गर्न सक्नेछ।

(२) आयोगले मानव अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग आवश्यक सम्पर्क र सम्बन्ध राखी सहयोग आदान प्रदान गर्ने सम्बन्धमा सम्झौता गर्न सक्नेछ।

९. **आयोगको काम कारबाहीमा बाधा नपर्ने:** आयोगको कुनै सदस्यको पद रिक्त रहेको कारणले आयोगको काम कारबाहीमा बाधा पर्ने छैन।

## परिच्छेद-३
## आयोगको बैठक र कार्यालय सम्बन्धी व्यवस्था

१०. **आयोगको बैठक सम्बन्धी व्यवस्था:** (१) संविधान र यस ऐन बमोजिम आयोगले गर्नुपर्ने काम आयोगको निर्णय बमोजिम हुनेछ।

(२) आयोगको बैठकको अध्यक्षता गर्ने सदस्यले तोकेको मिति र समयमा आयोगको बैठक बस्नेछ।

(३) आयोगमा तत्काल कायम रहेका सदस्यमध्ये बहुमत सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निज अनुपस्थित रहेको अवस्थामा बैठकमा उपस्थित वरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) आयोगको निर्णय बैठकमा उपस्थित सदस्यको बहुमतबाट हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) आयोगको बैठकको निर्णय सचिवले प्रमाणित गर्नेछ।

(७) आयोगको बैठक बस्ने मिति, समय र छलफलको विषय खुलाई सचिवले सामान्यतः बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै लिखित रूपमा सदस्यलाई जानकारी दिनु पर्नेछ।

(८) आयोगको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ र आयोगको बैठक केन्द्रीय कार्यालयमा बस्नेछ।

(९) आयोगको बैठक आवश्यकता अनुसार विद्युतीय(**virtual)** माध्यमबाट समेत बस्न सक्नेछ।

(१०) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

११. **आयोगको कार्यालयः** (१) आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(२) आयोगले प्रदेश कार्यालय र आवश्यकता अनुसार अन्य कार्यालय खोल्न सक्नेछ।

१२. **सांगठनिक संरचनाः** आयोगको संगठनात्मक ढाँचा र दरबन्दी आयोगको सिफारिसमा नेपाल सरकारबाट स्वीकृत हुनेछ।

१३. **आयोगको सचिवः** (१) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक सचिव रहनेछ।

(२) मानव अधिकार सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तिमा पाँच वर्ष काम गरेका व्यक्तिहरु मध्येबाट दफा १४ बमोजिमको सिफारिस समितिको सिफारिसमा आयोगले सचिवको नियुक्ति गर्नेछ।

(३) सचिवको कार्यकाल पाँच वर्षको हुनेछ र निज साठी वर्षको उमेरसम्म पदमा बहाल रहनेछ।

(४) सचिवको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारी सरह हुनेछ।

(५) यो ऐन र प्रचलित कानूनमा तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको प्रशासन, आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ख) आयोगको वार्षिक बजेट, कार्यक्रम र योजना तयार गरी आयोग समक्ष पेश गर्ने,

(ग) आयोगको चल, अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने,

(घ) आयोगको काम कारवाही सुचारु रुपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) आयोगको नीति, कार्यक्रम र निर्णयहरू कार्यान्वयन गर्ने, गराउने, र

(च) स्वीकृत कार्यविवरण बमोजिमका अन्य कार्य गर्ने।

१४. **आयोगको सचिव सिफारिस सम्बन्धी व्यवस्थाः** (१) दफा १३ बमोजिम आयोगको सचिव नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ।

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य- - संयोजक

(ख) अध्यक्षले तोकेको आयोगको सदस्य - सदस्य

(ग) आयोगको सचिव - सदस्य सचिव

तर, खण्ड (क) बमोजिमको आयोगको अध्यक्षको पद रिक्त रहेको अवस्थामा आयोगको वरिष्ठ सदस्यले संयोजकको रुपमा काम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले यस ऐन बमोजिम सचिवको पदमा नियुक्ति हुन योग्य व्यक्तिमध्येबाट सचिव नियुक्तिको लागि नाम सिफारिस गर्नेछ।

(३) मानव अधिकार आयोगका सचिवको योग्यता देहाय बमोजिम हुनेछः

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कानून, समाजसेवा, समाजशास्त्र, मानवशास्त्र,मानविकी तथा सामाजिक विज्ञान वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधी हासिल गरेको,

(ग) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्रीवितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, बन्यजन्तुको ओसारपसार, संगठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर, मानव अधिकार उल्लंघन वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) कुनै देशको स्थायी आवासीय अनुमति नलिएको।

(४) उपदफा (१) बमोजिमको सिफारिस समितिले सचिवको नाम सिफारिस गर्नु अघि देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

(क) सचिवको पदमा नियुक्ति हुन चाहने उम्मेदवारका लागि दरखास्त आव्हान गर्ने,

(ख) दरखास्त दिने आवेदकमध्येबाट योग्य व्यक्तिको संक्षिप्त सूची तयार गरी सार्वजनिक प्रतिक्रियाको लागि प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिमको सूचीमा परेका व्यक्तिको सम्बन्धमा प्राप्त प्रतिक्रिया तथा निजको योग्यता, क्षमता, कार्यकुशलता र अनुभव समेतका आधारमा उपयुक्त व्यक्तिलाई आयोगको सचिव पदमा नियुक्तिको लागि सिफारिस गर्ने,

(घ) उपदफा (१) बमोजिम सिफारिस समितिले सचिवको पदरिक्त हुनु भन्दा १ महिना अगावै सचिवको नाम सिफारिस गरिसक्नु पर्नेछ।

(५) सचिवको सिफारिस सम्बन्धी अन्य कार्यविधि सिफारिस समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **आयोगको स्रोत, साधन र लेखा परिक्षण सम्बन्धी व्यवस्था:** (१) आयोगको कार्य सम्पादन गर्न आवश्यक पर्ने स्रोत र साधन नेपाल सरकारले उपलब्ध गराउनेछ।

(२) आयोगलाई आवश्यक पर्ने भवन तथा अन्य भौतिक पूर्वाधारको व्यवस्था नेपाल सरकारले गर्नेछ।

(३) आयोगले आफ्नो कार्य सम्पादन गर्न आवश्यकता अनुसार वैदेशिक सहायता लिन सक्नेछ र यसरी वैदेशिक सहायता लिनुपर्दा अर्थमन्त्रालयसँग परामर्श गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त गरेको सहायता जुन प्रयोजनको लागि लिइएको हो सोही प्रयोजनको लागि खर्च गर्नुपर्नेछ।

(५) आयोगले आफ्नो आय व्ययको लेखा र अन्य सम्बद्ध अभिलेख प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम राख्नेछ।

(६) आयोगका प्रदेश कार्यालयले कुनै कार्यक्रम सञ्चालनका लागि सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहबाट पनि स्रोतसाधन प्राप्त गर्न सक्नेछन्।

(७) आयोगको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(८) आयोगको आर्थिक व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-४
## आयोगको सदस्य र कर्मचारी सम्बन्धी व्यवस्था

१६. **पारिश्रमिक र सुविधा:** (१) आयोगका अध्यक्ष र सदस्यको नियुक्ति संविधानको धारा २४८ बमोजिम हुनेछ र निजहरु आयोगमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(२) अध्यक्षको पारिश्रमिक नेपालको प्रधानन्यायाधीशको सरह र सदस्यको पारिश्रमिक सर्वोच्च अदालतको न्यायाधीशको सरह हुनेछ।

(३) अध्यक्ष र सदस्यको सुविधा संवैधानिक निकायका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

१७. **<u>कार्यवाहक भई काम गर्न सक्ने:</u>** (१) कुनै कारणवश अध्यक्षको पद रिक्त भएमा, निज विदेश भ्रमणमा गएकोमा वा विदा बसेकोमा आयोगको वरिष्ठतम् सदस्यले आयोगको कार्यवाहक अध्यक्ष भई कार्य गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यवाहक भई काम गर्ने सदस्यले प्रचलित कानून बमोजिम पारिश्रमिक र सुविधा पाउनेछ।

१८. **<u>मानव अधिकार सेवाको गठन:</u>** (१) नेपाल सरकारले मानव अधिकार सेवाको गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा सरकारी सेवा हुनेछ र मानव अधिकार सेवाका कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानाले राख्नेछ।

(३) उपदफा (१) बमोजिमको मानव अधिकार सेवाको संचालन, सेवाका शर्त, योग्यता र सुविधा सम्बन्धी व्यवस्था निजामती कर्मचारी सम्बन्धी संघीय कानून अनुकुल हुने गरी आयोगका कर्मचारीको सेवाका शर्त र सुविधा सम्बन्धी विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

(४) राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ को नियम ८५ बमोजिम उपदान सुविधा पाउने आयोगमा २० वर्ष भन्दा बढी सेवा गरेको कर्मचारीले निजले काम गरेको प्रत्येक वर्षको निमित्त दुई महिनाको तलव बराबरको रकम उपदान वापत पाउँनेछ।

(५) मानव अधिकार सेवाका कर्मचारीको नियुक्ति लोक सेवा आयोगको सिफारिसमा आयोगले गर्नेछ।

(६) मानव अधिकार सेवाका कर्मचारीले स्थायी आवासीय अनुमति लिनु हुँदैन।

## परिच्छेद-५
## <u>अनुगमन, छानबिन तथा अनुसन्धान सम्बन्धी व्यवस्था</u>

१९. **<u>अनुगमन गर्न सक्ने:</u>** (१) आयोगले देहाय बमोजिम अनुगमनको कार्य गर्न सक्नेछः

(क) देशको समग्र मानव अधिकार अवस्थाका साथै आवश्यकता अनुसार कुनै प्रदेश, जिल्ला वा स्थानीय तहको मानव अधिकार अवस्था,

(ख) सीमान्तकृत तथा अल्पसंख्यक समुदाय, लोपोन्मुख आदिवासी जनजाती, उत्पीडित र पिछडिएका क्षेत्रका नागरिक, कुनै विशेष वर्ग, समूह वा समुदायको मानव अधिकार अवस्था,

(ग) कुनै घटना विशेष, कारागार वा थुनुवा केन्द्र, सुधार केन्द्र वा संरक्षण केन्द्र लगायतको मानव अधिकार अवस्था,

(घ) मानव अधिकारको दृष्टिकोणबाट नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका नीति, योजना, कार्यक्रम र बजेट समेतको अवस्था र

(ङ) आयोगले उपयुक्त ठानेको विषयमा वा अन्य कुनै निकायको अनुरोधको विषयमा।

(२) उपदफा (१) बमोजिमको अनुगमन गरी सो को प्रतिवेदन आयोगको बैठकमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अनुगमन प्रतिवेदन माथि अध्ययन गरी आयोगले आवश्यकतानुसार सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्नेछ।

२०. **निवेदन दिन सक्ने:** (१) कुनै व्यक्ति, समूह वा समुदायको मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको भनी कसैले कुनैपनि माध्यमबाट आयोगमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदन आयोगले तोकिए बमोजिम दर्ता किताबमा दर्ता गरी सोको निस्सा निवेदकलाई दिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घटनाको जानकारी प्राप्त हुन आएमा घटनाको गाम्भीर्यताको आधारमा आयोगले मानव अधिकारको उल्लंघनमा निवेदन दर्ता गरी कारवाही गर्न सक्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम निवेदन दिंदा कुनै दस्तुर लाग्ने छैन।

२१. **प्रारम्भिक कारवाही गर्ने:** (१) दफा २० बमोजिम निवेदन दर्ता भएमा आयोगले तत्काल प्रारम्भिक कारवाही गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कारवाही गर्दा प्रथम दृष्टिमा नै कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भइरहेको देखिएमा आयोगले त्यस्तो कार्य तत्कालै रोक्न सम्बन्धित

व्यक्ति, निकाय वा पदाधिकारीको नाममा उपयुक्त आदेश जारी गर्न वा दफा २१ बमोजिम तत्काल उद्दार वा संरक्षण गर्न आदेश दिन सक्नेछ।

(३) यस दफा बमोजिम भएको प्रारम्भिक कारबाहीबाट निवेदकको माग सम्बोधन भएमा त्यस्तो निवेदन उपर थप कारबाही नगरी निवेदन तामेलीमा राखिनेछ।

२२. **<u>तत्काल उद्दार र संरक्षण गर्न सक्ने:</u>** मानव अधिकारको उल्लङ्घन हुन लागेको वा भइरहेको वा भईसकेको सूचना आयोगले कुनै माध्यमबाट प्राप्त गरेमा वा कारबाहीको प्रकृया प्रारम्भ गर्दा प्रथम दृष्टिमा नै कुनै व्यक्ति, समुह वा समुदायको मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको देखिन आएमा आयोग आफैं वा कर्मचारी वा अन्य कुनै निकायमार्फत सम्बन्धित ठाँउमा विना सूचना प्रवेश गर्न वा खानतलासी लिन तथा सम्बन्धित लिखत वा सबुत प्रमाण कब्जामा लिन र पीडितको मानव अधिकारको संरक्षणका लागि उद्धार वा अन्य उपयुक्त कार्य गर्न सक्नेछ।

२३. **<u>छानबिन तथा अनुसन्धान गर्ने:</u>** (१) दफा २० बमोजिम आयोगले प्रारम्भिक कारबाही गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछः

(क) कुनै सरकारी निकाय वा कुनै व्यक्तिको साथमा रहेको कागजात, लिखत वा प्रमाण आयोगमा पेस गर्न वा आयोगलाई पठाउन आदेश दिने,

(ख) कुनै व्यक्तिले मानव अधिकारको उल्लंघन गरेको देखिएमा त्यस्तो व्यक्ति वा त्यस्तो घटनाको बारेमा जानकारी राख्ने व्यक्तिलाई आयोगमा उपस्थित भई वा विद्युतीय संचार माध्यमबाट आयोगमा बयान वा जानकारी दिन लगाउने र

(ग) खण्ड (क) वा (ख) बमोजिम लिखत प्रमाण वा जानकारी प्राप्त हुन नसकेमा त्यस्तो निकाय वा व्यक्ति भन्दा माथिल्लो निकाय वा पदाधिकारीलाई लेखी पठाउने।

(२) समुह वा समुदायको मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको देखिन आएमा आयोग आफैंले वा कुनै सदस्य वा आयोगका कर्मचारी वा आवश्यकता अनुसार अनुसन्धान टोली वा अनुसन्धान अधिकृत नियुक्त गरी तोकिए बमोजिम छानबिन तथा अनुसन्धान गर्न, गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन तथा अनुसन्धान गर्दा स्थलगत अवलोकन गर्ने, सम्बन्धित व्यक्तिको बयान वा बकपत्र गराउने, प्रमाण बुझ्ने तथा दशी प्रमाण दाखिल गर्न लगाउन लगायत प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

(४) उपदफा (३) बमोजिम छानबिन तथा अनुसन्धान सम्पन्न गरेपछि प्राप्त तथ्यको आधारमा सिफारिस सहितको प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमा आयोगले आवश्यकतानुसार विशेषज्ञको सेवा लिन, थप प्रमाण वा साक्षी बुझ्न वा सार्वजनिक सुनुवाई समेत गर्न सक्नेछ।

(६) मानव अधिकार सम्बन्धी सन्धिजनित निकाय र अन्य संयन्त्रमा परेका उजुरीका सम्बन्धमा ती निकायबाट प्राप्त सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारबाट अनुरोध भएमा आयोगले यो दफा बमोजिम छानबिन तथा अनुसन्धान गरी कारबाहीको लागि सिफारिस गर्नेछ।

(७) छानबिन तथा अनुसन्धान प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **मेलमिलाप सम्बन्धी व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगमा विचाराधीन रहेको उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलापका लागि संयुक्त निवेदन दिएमा आयोगले मेलमिलाप गराउन सक्नेछ।

तर,

मानव अधिकारको गम्भीर उल्लङ्घनको विषय र प्रचलित कानून बमोजिम मेलमिलाप हुन नसक्ने विषयमा मेलमिलाप हुने छैन।

(२) उपदफा (१) बमोजिम भएको मेलमिलाप सम्बन्धित पक्षहरूले पालना गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै निवेदनका सम्बन्धमा मेलमिलाप भएपछि सो सम्बन्धी कारबाही अन्त्य भएको मानिनेछ।

(४) पीडितको मृत्यु भैसकेको वा पीडित नाबालक वा मानसिक रुपले अस्वस्थ भएको अवस्थामा आयोगले पीडितको हकवालासँग मेलमिलाप गराउन सक्नेछ।

२५. **निवेदन उपर निर्णय :** (१) आयोगले मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको सम्बन्धमा प्राप्त निवेदनमा सामान्यतः निवेदन परेको छ महिनाभित्र निर्णय गर्नेछ ।

तर,

छ महिनाभित्र निर्णय हुन नसकेमा निर्णय हुन नसकेको कारण खुलाई सो अवधि नाघेपछि पनि निर्णय गर्न बाधा पर्ने छैन ।

(२) आयोगले गरेको छानबिन तथा अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको देखिन आएमा जिम्मेवार व्यक्तिलाई कारबाही र पीडितलाई क्षतिपूर्ति तथा परिपूरणका लागि सिफारिस गर्न सक्नेछ।

(३) आयोगले गरेको छानबिन तथा अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको भन्ने उजुरी तथ्यहीन देखिएमा वा आयोगसमक्ष निर्णयको लागि पेस भएको निवेदनको मागदावी सम्बोधन भईसकेको देखिएमा त्यस्तो उजुरी तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गर्न सक्नेछ।

(४) आयोगले गरेको छानबिन तथा अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा कुनै निवेदन आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा वा निवेदन मागदावी सम्बन्धमा आयोग वा सम्बन्धित निकायबाट निर्णय भईसकेको देखिन आएमा वा निवेदक वा पीडितको नाम, थर, ठेगाना वा निवेदन माग दावी स्पष्ट नभएको कारण त्यस्तो निवेदनमा कारवाही गर्न नसकिने अवस्था भएमा त्यस्तो निवेदन खारेज गर्न सक्नेछ।

(५) आयोगले निवेदन उपर निर्णय गर्दा प्रचलित कानून बमोजिम प्राप्त प्रमाणलाई समेत आधार मानी निर्णय गर्न सक्नेछ।

(६) आयोगले यो दफा बमोजिम भएको निर्णयको जानकारी यथाशीघ्र पीडित वा सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

२६. **सार्वजनिक सुनवाइ वा जाँचबुझ गर्न सक्ने :** (१) आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने सन्दर्भमा मानव अधिकारका कुनैपनि विषयमा आवश्यकता अनुसार सार्वजनिक सुनुवाई गर्न वा गम्भीर मानव अधिकार उलङ्घनको घटनाको विषयमा जाँचबुझ गर्न सक्नेछ।

(२) सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२७. **कारवाहीको लागि सिफारिस गर्न सक्ने:** आयोगले दफा २५ को उपदफा (२) बमोजिम कुनै व्यक्ति, समुह वा समुदायको मानव अधिकारको उल्लङ्घनमा जिम्मेवार व्यक्ति वा निकायउपर कारबाहीको लागि सिफारिस गर्दा देहाय बमोजिमको सिफारिस गर्न सक्नेछः-

(क) सम्बन्धित जिम्मेवार व्यक्तिको कानून बमोजिमको जिम्मेवारी पुरा गर्न लगाउन,

(ख) आफ्नो जिम्मेवारी वा कर्तव्य पुरा गरेको नदेखिएमा विभागीय कारबाही गर्न,

(ग) छानबिन तथा अनुसन्धानबाट कुनै व्यक्ति, समूह वा समुदायको मानव अधिकारको उल्लङ्घनसंगै प्रचलित कानून विरुद्धको कसूर गरेको देखिएमा त्यस्तो उल्लङ्घनकर्ता विरुद्ध कानून बमोजिम मुद्दा चलाउन,

(घ) मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनबाट पीडितलाई उल्लङ्घनकर्ताबाट क्षतिपूर्ति भराउन,

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा मातहत निकायबाट भएको निर्णय वा कार्यबाट कुनै व्यक्ति, समुह वा समुदायको मानव अधिकारको उल्लङ्घन भएकोमा त्यस्तो निर्णय पुनरावलोकन गर्न वा त्यस्तो कार्यलाई पुनर्विचार गर्न लगाउन,

(च) मानव अधिकारको उलङ्घन वा दुरुत्साहनबाट पीडितलाई राज्यको सम्बन्धित निकायबाट शिक्षा, स्वास्थ्य, आवास र रोजगारी लगायतका परिपूरण उपलब्ध गराउन,

(छ) सामाजिक तथा सार्वजनिक संघ संस्था वा निजी व्यावसायिक प्रतिष्ठानको कामकारवाहीबाट मानव अधिकारको दुरुत्साहन हुन गएको भएमा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनका लागि त्यस्ता निकायलाई जिम्मेवार बनाउन आवश्यक निर्देशन दिन,

(ज) आयोगको कार्यसम्पादनमा असहयोग गर्ने व्यक्ति वा पदाधिकारीलाई अयोगको अवहेलना गरेको मानी मानव अधिकार अवहेलनाकर्ताको रुपमा नाम सार्वजनिक गर्न,

(झ) सार्वजनिक पद वा सेवामा रहँदा मानव अधिकारको उल्लंघन गरेको भनी आयोगले दोषी ठहर गरी विभागीय कारवाहीको लागि सिफारिस गरेको व्यक्ति सेवाबाट अवकास भई सकेकोमा त्यस्ता व्यक्तिलाई सरकारी वा सार्वजनिक जिम्मेवारी नदिन।

२८. **क्षतिपूर्ति, राहत तथा परिपूरणको सिफारिस गर्न सक्ने** (१) आयोगले दफा २५ को उपदफा (२) बमोजिम मानव अधिकारको उल्लङ्घनबाट पीडित कुनै व्यक्ति, समुह वा समुदायलाई क्षतिपूर्ति, राहत तथा परिपुरणको सिफारिस गर्दा देहाय बमोजिमको सिफारिस गर्न सक्नेछः

(क) सम्बन्धित व्यक्तिले पीडितलाई उपलब्ध गराउनुपर्ने क्षतिपूर्तिको किसिम, परिमाण वा रकम,

(ख) नेपाल सरकारले पीडितलाइ उपलब्ध गराउनु पर्ने क्षतिपूर्तिको रकम वा परिपुरणको अधिकारको किसिम,

(ग) सम्बन्धित व्यक्ति वा नेपाल सरकारले पीडितलाई दिनुपर्ने तत्काल राहतको रकम।

(२) आयोगले उपदफा (१) बमोजिम नेपाल सरकारले पीडितलाई दिनुपर्ने तत्काल राहतको रकम निर्धारण गर्दा पाँच लाख रुपैंयासम्मको रकम निर्धारण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिपुरणको आदेश दिंदा आयोगले पीडितको अवस्था हेरी पीडित तथा पीडित परिवारका सदस्यलाई शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र मनोसामाजिक विमर्श/परामर्श लगायतका विषयमा परिपूरण उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिए तापनि प्रारम्भिक कारबाहीबाट पीडित व्यक्तिलाई तत्काल राहत उपलब्ध नगराउँदा निजलाई थप क्षति हुनसक्ने देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई तत्काल अन्तरिम राहत उपलब्ध गराउन सम्वन्धित व्यक्ति वा निकायलाई आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम आयोगले आदेश गरेकोमा सम्वन्धित व्यक्ति वा निकायले पीडित व्यक्ति वा परिवारका सदस्यलाई एक महिना भित्र अन्तरिम राहत उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम उपलब्ध गराएको अन्तरिम राहत रकम सम्वन्धित व्यक्ति वा निकायले पीडितलाई उपलब्ध गराउनु पर्ने क्षतिपूर्तिको रकममा कट्टा गरिनेछ।

(७)आयोगले पीडित व्यक्तिलाई तत्काल राहत तथा सुविधा उपलब्ध गराउन वा पीडितको उद्धार गर्न कुनै व्यक्ति, संघ संस्था वा निकायलाई आदेश दिन सक्नेछ ।

२९. **सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनः** (१) आयोगले संविधान वा यस ऐन बमोजिम गरेको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सम्वन्धित पदाधिकारी वा निकायसमक्ष लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगबाट सिफारिस, निर्णय वा आदेश कार्यान्वयनको लागि लेखी आएमा सम्वन्धित पदाधिकारी वा निकायले सामान्यतया तीन महिनभित्र त्यस्तो सिफारिस, निर्णय वा आदेश कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्राप्त सिफारिस, निर्णय वा आदेश कुनै कारणले कार्यान्वयन गर्न नसकिने भएमा सो को कारण खुलाई आयोगबाट सिफारिस, निर्णय वा आदेश प्राप्त भएको मितिले दुई महिनाभित्र सम्वन्धित पदाधिकारी, व्यक्ति वा निकायले सो सम्बन्धी जानकारी आयोगसमक्ष पठाउनु पर्नेछ ।

तर,

अन्तरिम राहतको लागि आयोगबाट भएको सिफारिस वा आदेशको हकमा एक महिनाभित्र सम्वन्धित पीडितलाई उपलब्ध गराएको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त हुन आएमा आयोगले त्यस्तो सिफारिस, निर्णय वा आदेशमा पुनर्विचार गरी यथावत् रुपमा वा संशोधन सहित कार्यान्वयनको लागि सिफारिस गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम आयोगबाट पुनः निर्णय भई कार्यान्वयनको लागि लेखी आएमा सम्वन्धित पदाधिकारी, व्यक्ति वा निकायले उक्त निर्णय दुई महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्नेछ ।

(६) आयोगले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरेकोमा सम्वन्धित निकायले उक्त निर्णयबमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ र पीडितको मृत्यु भईसकेको वा होस ठेगानमा नरहेको भए प्रचलित कानूनबमोजिम निजको हकवालालाई उपलब्ध गराउनु पर्नेछ ।

(७) आयोगले गरेको निर्णयमा कुनै खास पदाधिकारीले बदनियत साथ वा कसैप्रति आग्रह वा पूर्वाग्रह राखी कुनै काम गर्दा मानव अधिकारको उल्लङ्घन भएको ठहर भई त्यस्तो पदाधिकारीबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा सो क्षतिपूर्ति त्यस्तो पदाधिकारीबाट तत्काल बहाल रहेको निकायले उपलब्ध गराउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सम्वन्धित निकायले पीडित व्यक्तिलाई उपलब्ध गराएको क्षतिपूर्तिको रकम त्यस्तो निकायले सम्वन्धित पदाधिकारीले पाउने मासिक पारिश्रमिक वा अन्य कुनै रकमबाट कट्टा गर्नु पर्नेछ।

तर,

आयोगबाट निर्णय हुँदाको समयमा त्यस्तो पदाधिकारी सेवाबाट अवकाश भइसकेको भएमा त्यस्तो क्षतिपूर्तिको रकम सम्वन्धित निकायले पीडितलाई तत्काल उपलब्ध गराई उक्त रकम त्यस्तो व्यक्तिबाट प्रचलित कानून बमोजिम असूल उपर गर्न सक्नेछ।

(९) यस ऐनबमोजिम आयोगले मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन सम्बन्धमा गर्ने छानविन, अनुसन्धान वा जाँचबुझका सिलसिलामा जानीजानी वा नियतबस आयोगको काममा असहयोग गर्ने वा आयोगको निर्देशनको पालना नगर्ने व्यक्ति वा पदाधिकारीलाई आयोगको अवहेलनाकर्ताको रुपमा निर्णय गरी विभागीय कारबाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(१०) आयोगबाट मानव अधिकार उल्लंघनका विषयमा अनुसन्धान र छानबिन गर्दा प्रचलित कानून बमोजिम फौजदारी कसूरमा मुद्दा चलाउनुपर्ने भएमा आयोगको निर्णय सहित सम्बन्धित अनुसन्धान गर्ने निकाय र महान्यायाधिवक्ताको कार्यालयलाई लेखिपठाउनु पर्नेछ।

३०. **थुनुवा वा कैदी बन्दीको मृत्युको जानकारी दिनुपर्ने:** कुनै कारागार, हिरासत वा अन्य थुनामा वा सरकारको नियन्त्रणमा रहेका कुनै थुनुवा वा कैदी बन्दीको मृत्यु भएमा त्यस्तो घटना भएको निकायले चौबीस घण्टा भित्र आयोगको केन्द्रीय वा मातहतको सम्वन्धित कार्यालयलाई संक्षिप्त प्रतिवेदन सहित जानकारी गराउनु पर्नेछ ।

३१. **स्वार्थ बाझिएमा अलग रहने :** आयोगमा दर्ता हुन आएका कुनै निवेदनको सम्बन्धमा आयोगको अध्यक्ष, सदस्य वा कुनै कर्मचारीको पारिवारिक सम्बन्ध भएको वा अन्य कुनै स्वार्थ रहेको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीले स्वार्थ बाझिएको विषय आयोगलाई जानकारी गराई अनुगमन, छानबिन, अनुसन्धान वा निर्णय प्रकृयाबाट अलग रहनु पर्नेछ ।

३२. **नाम सार्वजनिक गर्ने:** (१) आयोगले मानव अधिकारको उल्लङ्घनमा दोषी ठहर गरेको व्यक्ति, पदाधिकारी वा निकायमाथि कारवाहीको सिफारिस भएकोमा आयोगको आदेश, निर्देशन, सिफारिसको दफा २७ बमोजिम त्यस्तो आदेश वा सिफारिस तोकिएको अवधिभित्र कार्यान्वयन नभएमा आयोगले मानव अधिकारको उल्लङ्घनमा दोषी ठहर भएका व्यक्तिको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलेखिकरण गरी आयोगको वार्षिक प्रतिवेदन मार्फत सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले नाम सार्वजनिक गर्नुअघि आयोगबाट भएको सिफारिस, आदेश वा निर्देशन पालना वा कार्यान्वयन नगरेको कुरा उल्लेख गरी त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायलाई सफाइ पेश गर्न पैतीस दिनको म्याद दिइ लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी पठाएकोमा म्यादभित्रै सम्वन्धित पदाधिकारी, व्यक्ति वा निकायले सफाई पेश नगरेमा वा पेश गरेको सफाई मनासिब नदेखिएमा त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा उपदफा (१) बमोजिम सार्वजनिक गर्नेछ ।

(४) उपदफा (१) बमोजिम नाम सार्वजनिक गरिएको व्यक्तिलाई कुनै सार्वजनिक पदमा नियुक्ती, बढुवा र वृत्ति विकासकालागि सिफारिस गरिनेछैन।

(५) उपदफा (४) को प्रयोजनका लागि त्यस्ता व्यक्तिको नाम आयोगले संवैधानिक परिषद्, न्याय परिषद्, सम्वन्धित संवैधानिक वा सरकारी निकाय, एवम् सार्वजनिक निकायमा लेखी पठाउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम नाम सार्वजनिक भएका उल्लंघनकर्ताले उल्लंघनकर्ताको रुपमा नाम सार्वजनिक हुनु नपर्ने आधार र कारण सहित पुनरावलोकनकालागि नाम सार्वजनिक भएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष निवेदन दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा त्यस्तो निवेदनउपर आयोगले निवेदन प्राप्त भएको तीन महिनाभित्र निर्णय गर्नेछ र यस्तो निर्णय अन्तिम हुनेछ ।

(८) उपदफा (७) बमोजिम निर्णय गर्दा आयोगले मानव अधिकारको उल्लंघनकर्ताको रुपमा नाम सार्वजनिक भएको व्यक्ति उल्लंघनकर्ता नभएको भनी आफ्नो पूर्व निर्णयमा पुर्नविचार गरेमा त्यस्तो व्यक्ति, निकाय वा पदाधिकारीको नाम अभिलेखबाट हटाई सोको जानकारी वार्षिक प्रतिवेदनमा सार्वजनिक गर्नुपर्नेछ।

३३. **साक्षी तथा पीडितको संरक्षण :** (१) आयोगमा निवेदन, बयान, बकपत्र वा अन्य जानकारी दिन उपस्थित हुने कुनै पीडित व्यक्ति वा निजको परिवारका सदस्य, निवदेक, साक्षी वा जानकारी दिने व्यक्तिको नाम, थर र वतन निजको गोपनीयता वा सुरक्षाको दृष्टिकोणले गोप्यराख्न सकिनेछ ।

तर पीडित, निवदेक, साक्षीले आफ्नो पहिचान गोप्य राख्न अनुरोध गरेमा आयोगले निजको पहिचान गोप्य राखुपर्नेछ।

(२) यौनजन्य हिंसा लगायत प्रचलित कानून बमोजिम पीडितको पहिचान गोप्य राखुपर्ने घटनाको कारवाही प्रक्रियामा त्यस्तो पीडितको नाम सांकेतिक रुपमा उल्लेख गरिनेछ।

(३) पीडित, साक्षी वा निजहरूको तर्फबाट अन्य कुनै व्यक्तिले पीडित र साक्षीको सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा आयोगले सुरक्षाको उचित व्यवस्था गर्नेछ ।

(४) पीडित वा साक्षीको संरक्षण वा सुरक्षाको लागि आयोगले आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल प्रहरी वा संघ संस्थासँग सहयोग लिन सक्नेछ ।

(५) कुनै व्यक्तिले आयोगमा बयान वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले निजका विरुद्ध कुनै मुद्दा चलाइने वा कानूनी कारवाही गरिने छैन ।

(६) कुनै घटना वा उजुरीका सम्बन्धमा विशेष सूचना वा जानकारी राख्ने व्यक्तिले सुरक्षाको प्रत्याभूति भए मात्र त्यस्तो सूचना वा जानकारी दिनसक्छ भन्ने कुरामा आयोग विश्वस्त भएमा त्यस्तो व्यक्तिको हकमा आयोगले विशेष सुरक्षाको व्यवस्था गर्न सक्नेछ।

(७) आयोगले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न तोकिए बमोजिमको विशेष व्यवस्था गर्न सक्नेछ।

३४. **आयोगको काम कारबाहीमा सहयोग गर्नुपर्ने:** (१) आयोगको जिम्मेवारी र दायित्व पूरा गर्ने सन्दर्भमा आयोगले माग गरेको सूचना, कागजात, प्रमाण वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकाय, पदाधिकारी वा व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम आयोगले माग गरेको सहयोग उपलब्ध नगराएमा आयोगको अवहेलना गरेको मानिनेछ।

(३) उपदफा (२) बमोजिम आयोगको अवहेलना गर्ने वा आयोगको सिफारिस, आदेश वा निर्णय कार्यान्वयन नगर्ने पदाधिकारी उपर विभागीय कारवाही गर्न आयोगले सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

## परिच्छेद- ६
## मानव अधिकार रक्षक सम्बन्धी व्यवस्था

३५. **मानव अधिकार रक्षकको काम, कर्तव्य र अधिकार:** (१) मानव अधिकार रक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) संविधान र प्रचलित कानूनको अधिनमा रही मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपालना गर्ने, गराउने,

(ख) मानव अधिकार संस्कृतिको विकासको लागि व्यक्तिगत वा सामूहिक रुपमा आवश्यक कार्य गर्ने,

(ग) विपन्न र सीमान्कृत समुदायका नागरिकलाई मानव अधिकार सेवा उपलब्ध गराउने,

(घ) पीडित र प्रभावितहरूलाई सहयोग गर्ने, पीडितको तर्फबाट मुद्दा तथा वहस समेत गर्ने,

(ङ) प्रचलित कानून र नीतिको पुनरावलोकनका लागि ध्यानाकर्षण गराउँदै कानूनी शासनको मूल्य र मान्यता अभिवृद्धि गर्न सहयोग गर्ने,

(च) मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि संघ संगठन खोल्ने र शान्तिपूर्ण रुपमा भेला हुने,

(छ) मानव अधिकार संरक्षण र सम्वर्द्धनको लागि प्रचलित कानून बमोजिम साधन श्रोत जुटाउने, प्राप्त गर्ने र उपयोग गर्ने, गराउने,

(ञ) मानव अधिकार संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित सूचना माग गर्ने र प्राप्त गर्ने,

(झ) मानव अधिकारको संरक्षण र सम्वर्द्धनको विषयमा प्रतिनिधित्व र वकालत गर्ने,

(ञ) मानव अधिकारसँग सम्बन्धित नविन अवधारणा र सिद्धान्तको विकास, छलफल र पैरवी गर्ने,

(ट) कुनै सरकारी वा अन्य निकायको काम, कारवाही र निर्णयबाट मानव अधिकारको कार्यान्वयनमा अवरोध पुग्ने भएमा त्यसको आलोचना गर्ने र सुधारको लागि ध्यानकर्षण गर्ने,

(ठ) मानव अधिकारको रक्षाका लागि व्यावसायिक रुपमा कानूनी सहायता वा परामर्श सेवा र सहयोग उपलब्ध गराउँने,

(ड) राष्ट्रिय कानून तथा मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दायित्वको परिकल्पना सम्बन्धमा हुने सार्वजनिक सुनुवाई र अन्य प्रक्रियाहरुमा सहभागी हुने,

(ढ) विना रोकतोक सरकारी, गैरसरकारी वा अन्तरसरकारी संगठनहमा पहुँच र सञ्चार सम्पर्क गर्ने,

(ण) प्रचलित कानून बमोजिम मानव अधिकार रक्षकको पेशा वा व्यवसाय गर्ने,

(त) मानव अधिकारका विषयसँग सम्वन्धित विभिन्न प्रकाशन तथा प्रसारण गर्ने।

३६. **<u>मानव अधिकार रक्षकको सम्बन्धमा आयोगको जिम्मेवारी:</u>** (१) आयोगले मानव अधिकार रक्षकको अधिकार संरक्षण र सम्बर्द्धनको लागि सम्वन्धित सरकार वा मातहत निकाय वा अन्य सम्बन्धित पक्षलाई आवश्यक सिफारिस, आदेश वा निर्देशन दिन सक्नेछ ।

(२) दफा ३४ बमोजिमको काम, कर्तव्य र अधिकार प्रचलन गर्ने सन्दर्भमा आयोगले संघ, प्रदेश र स्थानीय तहका सरकार, सुरक्षा निकाय, मानव अधिकार संस्था, नागरिक समाज लगायत सम्बिन्धत अन्य संघ संस्था, निकाय वा व्यक्तिसँग आवश्यक समन्वय गर्न सक्नेछ ।

(३) मानव अधिकार संरक्षणको विषयमा कुनै सूचना वा तथ्य वा समाचार संकलन गर्दा हुनसक्ने जोखिमबाट मानव अधिकार रक्षकको संरक्षण गर्न आयोगले आवश्यकता अनुसार सम्बन्धित निकायलाई सुझाव, निर्देशन वा आदेश दिन सक्नेछ।

(४) मानव अधिकार रक्षकको पहिचान, सम्मान र संरक्षणको सन्दर्भमा आयोगले मागेको सहयोग उपलब्ध गराउनु सरकार र सम्वन्धित सबैको कर्तव्य हुनेछ।

(५) मानव अधिकार रक्षकको पहिचान, सम्मान, सुरक्षाको सुनिश्चितता लागि आयोगले मानव अधिकार रक्षकको अभिलेख तोकिए बमोजिम राख्न सक्नेछ।

३७. **<u>मानव अधिकार रक्षकको सुरक्षा:</u>** (१) दफा ३५ मा उल्लेखित मानव अधिकार रक्षकको काम, कर्तव्य र अधिकारको सुनिश्चितता गर्ने राज्यको दायित्व हुनेछ।

(२) मानव अधिकारको संरक्षण वा सम्बर्द्धनमा काम गरेको कारणबाट मात्र मानव अधिकार रक्षकलाई थुनछेक गर्ने, धरपकड गर्ने वा फौजदारी अभियोगमा मुद्दा चलाईने छैन।

(३) उपदफा (१) विपरित मानव अधिकार रक्षकलाई थुना वा नियन्त्रणमा राखिएको भए आयोगले दफा २१ बमोजिम तत्काल उद्धार र संरक्षण गर्न सक्नेछ।

३८. **<u>सम्मान तथा पुरस्कार</u>** : (१) आयोगले मानव अधिकारको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका मानव अधिकार रक्षकलाई मानव अधिकार पुरस्कारबाट पुरस्कृत गर्नेछ।

(२) मानव अधिकारको सम्मान र संरक्षण र प्रवर्धनमा उल्लेखनीय योगदान पुर्याउने मानव अधिकार रक्षकलाई राज्यले प्रदान गरिने उपाधी, सम्मान र विभुषण प्रदान गर्न आयोगले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(३) यस दफा बमोजिम सम्मान तथा पुरस्कारका लागि सिफारिस गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमाजिम हुनेछ ।

## परिच्छेद-६
## <u>विविध</u>

३९. **<u>वार्षिक प्रतिवेदन:</u>** (१) आयोगले आफूले गरेको काम कारवाहीको सम्बन्धमा संविधानको धारा २९४ को उपधारा (१) बमोजिम पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र राष्ट्रपति समक्ष पेश गर्नुपर्नेछ।

(२) आयोगले उपदफा (१) बमोजिम पेश गर्ने प्रतिवेदनमा देहायका विषयहरू समावेश गर्नु पर्नेछ:

(क) मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धमा भए गरेका गतिविधहरू,

(ख) कानून पुनरावलोकन सम्बन्धमा भए गरेका कार्यहरू,

(ग) मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता सम्बन्धमा भए गरेका कार्यहरू,

(घ) आयोगमा प्राप्त उजुरी, उजुरी माथि भएको छानबिन तथा अनुसन्धान सम्बन्धी विवरण,

(ङ) आयोगबाट फच्छ्यौंट भएका उजुरी विवरण,

(च) सार्वजनिक गर्नुपर्ने निर्णय भएका मानव अधिकार उल्लंघनकर्ताको नाम र विवरण,

(छ) मानव अधिकार उल्लंघनकर्ताको सूचिबाट हटाएको व्यक्तिको विवरण,

(ज) प्रचलित कानून बमोजिम मुद्दा दर्ता गर्न गरिएको सिफारिस विवरण,

(झ) मानव अधिकार रक्षकको अवस्था बारे गरिएको अध्ययन, अनुगमनको प्रतिवेदन

(ञ) सिफारिस कार्यान्वयनको अवस्था,

(ट) आयोगको वार्षिक खर्चको विवरण,

(ठ) आयोगले उचित ठानेका अन्य विवरण ।

(३) आयोगले प्रदेश कार्यालयहरूले गरेका काम, कारवाहीको गतिविधि सहित सम्बन्धित प्रदेशको मानव अधिकार अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन संविधानको धारा २९४ को उपधारा (३) बमोजिम प्रदेश प्रमुख समक्ष पेश गर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्न लगाउनेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनमा देहायका विषय समावेश गर्नुपर्नेछ :

(क) सम्वन्धित प्रदेशको मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धमा भए गरेका गतिविधहरू,

(ख) सम्वन्धित प्रदेश वा स्थानीय तहबाट जारी कानून पुनरावलोकन सम्बन्धमा भए गरेका कार्यहरू,

(ग) सम्वन्धित प्रदेश कार्यालयमा दर्ता हुन आएका मानव अधिकार उल्लघंनका निवेदन, निवेदनका सम्बन्धमा भएको छानबिन तथा अनुसन्धान र फछ्यौंट सम्बन्धी विवरण,

(घ) सिफारिस कार्यान्वयनको अवस्था,

(ङ) अन्य आवश्यक विवरण।

४०. **<u>क्षतिपूर्ति तथा परिपूरण कोषको स्थापनाः</u>** (१) यस ऐन बमोजिम नेपाल सरकारले पीडितलाई राहत, क्षतिपूर्ति तथा परिपूरण उपलब्ध गराउने प्रयोजनको लागि एक राहत तथा क्षतिपूर्ति कोषको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) मानव अधिकार उल्लंघनकर्ताबाट प्रचलित कानून बमोजिम असूली गरिएको क्षतिपूर्ति बापतको रकम,

(ग) अन्य श्रोतबाट प्राप्त रकम।

(३) यो दफा बमोजिमको कोषको संचालन सम्बन्धी व्यवस्था नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

४१. **<u>हदम्याद गणना गरिने</u>** : **(१)** यस ऐन बमोजिम आयोगले मुद्दा चलाउन सिफारिस गरेको मुद्दाको हदम्याद त्यस्तो सिफारिस सम्वन्धित अनुसन्धान गर्ने निकायमा प्राप्त भएको मितिबाट गणना हुनेछ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित अनुसन्धान गर्ने निकायले पहिले नै जानकारी वा सूचना प्राप्त गरेकोमा प्रचलित कानून बमोजिम हदम्याद गणना हुनेछ।

४२. **<u>विशेषज्ञ सेवा प्रदान गर्न वा लिन सक्नेः</u>** (१) कुनै निकायको अनुरोध भएमा आयोगले मानव अधिकार सम्बन्धी कुनै विषयमा विशेषज्ञ तथा परामर्श सेवा प्रदान गर्न सक्नेछ ।

(२) आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य कुनै पनि सार्वजनिक वा निजी संघ संस्था वा व्यक्तिसंग विशेषज्ञ सेवा लिन सक्नेछ ।

(३) यो दफा बमोजिमको विशेषज्ञ सेवा दिने वा लिने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४३. **<u>समन्वय गर्न सक्नेः</u>** कुनै विदेशी संघ वा संस्थाले नेपालभित्र मानव अधिकारको संरक्षण र संवर्द्धन सम्वन्धी कुनै कार्यक्रम सञ्चालन गर्न सहमति वा स्वीकृति लिएमा त्यस्तो संस्थाले आयोगसँग समन्वय गर्न सक्नेछ ।

४४. **<u>अधिकार प्रत्यायोजनः</u>** आयोगले संविधान र यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार तोकिएको शर्तको अधिनमा रही सचिव वा आयोगको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४५. **नेपाल सरकारसँग सम्पर्क:** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् र प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् राख्नु पर्नेछ ।

तर,

आयोगले आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा अन्य कुनै मन्त्रालय वा निकायसँग सम्पर्क र समन्वय गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

४६. **आयोगको प्रतीक चिन्ह:** आयोगले राज्यको निशाना छापका अतिरिक्त आयोगको छुट्टै प्रतीक चिन्ह प्रयोगमा ल्याउन सक्नेछ ।

४७. **नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकार:** (१) यो ऐन कार्यान्वयन गर्न आयोगले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नियम, कार्यविधि वा निर्देशिकामा देहायका विषयमा व्यवस्था गर्न सक्नेछ।

(क) यस ऐनमा तोकिएबमोजिम व्यवस्था हुने भनी उल्लेख गरिएका विषय,

(ख) मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि राष्ट्रिय मानव अधिकार संस्थाको रुपमा सरकारलाई दिने सुझाव र सिफारिश सम्बन्धी विषय,

(ग) मानव अधिकारको उलङ्घन वा दुरुत्साहनको सम्बन्धमा अनुगमन, अनुसन्धान तथा छानविन सम्बन्धी कार्यविधिको विषय,

(घ) मानव अधिकार रक्षकको सुरक्षा तथा मानव अधिकार उलङ्घनको पीडितको तत्काल उद्वार र राहत सम्बन्धी विषय।

(३) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार हुने भएमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

४८. **विनियम बनाउन सक्ने:** (१) आयोगले मानव अधिकार सेवाको सञ्चालन र कर्मचारीको सेवाका शर्त र सुविधा सम्बन्धी विषयमा विनियमावली बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियमावली नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

४९. **असल नियतले गरेकोमा बचाउः** आयोगका सदस्य, कर्मचारी वा आयोगले खटाएको कुनै व्यक्तिले संविधान, यो ऐन वा प्रचलित कानून बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीका सम्बन्धमा कुनै मुद्दा वा कारबाही चलाइने छैन ।

५०. **प्रचलित कानून बमोजिम हुनेः** यो ऐनमा लेखिएजति कुरामा यो ऐन बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

५१. **खारेजी र बचाउः** (१) राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ खारेज गरिएको छ।

(२) राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम भए गरेका काम कारवाही यो ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ बमोजिम राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीले खाइपाइ आएको सेवा सुविधामा कुनै प्रतिकूल असर पर्नेछैन।